Regd. No. 1300/067/068
PAN: 600232009

# Hydroelectricity Investment And Development Company Ltd.
# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
(A Company owned by Government of Nepal )

प.सं. 066/068
च.नं. *(Ref. No.)*: 222

मितिः २०७७/०९/०८

श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर।

**विषयः हकप्रद शेयर निष्काशन गर्ने प्रकृयाको वर्तमान अवस्था बारे जानकारी सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको सातौं वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको ११,००,००,००० कित्ता हकप्रद शेयर जारी गर्ने सम्बन्धमा प्रकृया जारी रहेको र हालसम्म संस्थापक शेयरधनीहरु मध्ये कम्पनीको ५०% स्वामित्व ग्रहण गर्ने संस्थापक शेयरधनीहरु नेपाल सरकार, अर्थ मन्त्रालयको रु. २.२० अर्ब, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयको रु. १.१०/१.१० अर्ब समेत गरी गरी जम्मा रु. ५ अर्ब ५० करोड प्राप्त भइसकेको छ र अन्य संस्थापक शेयरधनी संस्थाहरुबाट हकप्रद शेयर लिने सम्बन्धमा आवश्यक निर्णय गरिदिन सो संस्थाहरुसँग छलफल भइरहेको व्यहोरा जानकारी गराउँदछौं। यसै गरी हकप्रद शेयर निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट जारी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ख भएको व्यवस्था अनुसार यस कम्पनीको क्रेडिट रेटिङ्ग गराउनुपर्ने भएको हुँदा सो क्रेडिट रेटिङ्गको प्रकृया पनि अगाडि बढाइसकिएकोले सो क्रेडिट रेटिङ्गको कार्य सम्पन्न भइसकेपछि र हकप्रद शेयर लिन बाँकी रहेका कम्पनीका संस्थापक शेयरधनीहरुबाट निर्णय प्राप्त भइसकेपछि तहाँ बोर्डको स्वीकृति लिई सर्वसाधारण शेयरधनीहरुमा हकप्रद शेयर जारी गर्ने प्रकृया यथाशीघ्र सुचारू गरिने जानकारी गराउँदछौं।

भवदीय,

जिवन कुमार बस्नेत
कम्पनी सचिव

बोधार्थः

१. श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरबार प्लाजा, काठमाण्डौ।
२. श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ।